# स्थानीय राजपत्रप्रकाशन सम्बन्धीकार्यविधि, २०७५

(चिशंखुगढी गाउँकार्यपालिकाबाट पारित)

प्रस्तावना: नेपालको संविधानतथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम गाउँपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन गर्न अनिवार्य भएकोले, पहिलो पटक स्थानीय राजपत्र प्रकाशन गर्ने मिति निर्धारण गर्न, स्थानीय राजपत्रमा रहने विभिन्न भागहरुको व्यवस्था गर्न, स्थानीय राजपत्रको नमूना ढाँचा स्वीकृत गर्न, स्थानीय राजपत्र प्रकाशन गर्ने अधिकारीको सम्बन्धमा व्यवस्था गर्न, स्थानीय राजपत्रको अभिलेख तथा मूल्य निर्धारण र बिक्री वितरणको प्रबन्ध गर्न चिशंखुगढी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमितगर्ने) ऐन, २०७४ को दफा ४ बमोजिम चिशंखुगढी गाउँकार्यपालिकाको मिति २०७५/०३/२९ मा बसेको बैठकले यो कार्यविधि स्वीकृत गरी लागू गरको छ।

भाग- १

प्रारम्भिक

1. कार्यविधिको नाम: यस कार्यविधिको नाम स्थानीय राजपत्रप्रकाशन सम्बन्धी कार्यविधि, २०७५ रहेको छ।

2. कार्यविधिलागू हुने: यो कार्यविधि चिशंखुगढी गाउँ कार्यपालिकाबाट पारित भएको मितिदेखि लागू हुनेछ।

भाग- २

**स्थानीय राजपत्रको भाग र ढाँचा**

3. स्थानीय राजपत्रको भागहरु: स्थानीय राजपत्रमा प्रकाश नगर्ने विषय वस्तुलाई अनुसूची -१ बमोजिमका भागहरुमा वर्गीकरण गरिएको छ।
4. स्थानीय राजपत्रको ढाँचा: स्थानीय राजपत्रको ढाँचा अनुसूची-२ मा उल्लेख भए बमोजिमहुनेछ।

1. <u>खण्डको व्यवस्था</u>:स्थानीय राजपत्रको खण्ड उल्लेख गर्दा राजपत्र प्रकाशन भएको वर्ष ( उदाहरणका लागि २०७४ साललाई १, २०७५ साललाई २), कायम गरी त्यसपछि क्रमशः जतिवर्ष भयो त्यति नै संख्या उल्लेख गरी प्रकाशन गरिनेछ ।

2. <u>स्थानीय राजपत्रको संख्याः</u> (१) स्थानीय राजपत्रको संख्या कायम गर्दा क्रमशः संख्या कायम गरिनेछ ।

(२) उपदफा (१) बमोजिम संख्या कायम गर्दा नेपाली बर्षलाई आधार मानी सो बर्षभरी पारित वा निर्णय भई प्रकाशन भएका विषयमा क्रमशः संख्या राखीअर्को बर्ष शुरु भएपछि नयाँ संख्याबाट शुरु गरिनेछ ।

3. <u>स्थानीय राजपत्रमाप्रकाशनगर्ने सामग्रीः</u> स्थानीय राजपत्र प्रकाशन गर्दा बिषय वस्तु सँग सम्बन्धित भागको उल्लेख गरी (जस्तै ऐन भएभाग-१ उल्लेख गर्ने) त्यसपछि प्रकाशन सामग्री (ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डको प्रस्तावना देखि अन्तिम सम्म) को सम्पूर्ण व्यहोरा जस्ताको तस्तै राखी प्रकाशन गरिनेछ ।

4. <u>स्थानीय राजपत्र प्रकाशन गर्ने अधिकारीः</u> स्थानीय राजपत्र चिशंखुगढी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको आदेशानुसार प्रकाशन हुनेछ । यसरी प्रकाशन गर्दा राजपत्रको अन्त्यमा “आज्ञाले,” भन्ने व्यहोरा उल्लेख गरी प्रमुख प्रशासकीय अधिकृतको नाम र गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत भन्ने वाक्यांश राखी वा प्रमुख प्रशासकीय अधिकृतले कुनै अधिकृत स्तरको कर्मचारीलाई अधिकार प्रत्यायोजन गरेको भए त्यस्तो अधिकारीको नाम र निजको पद उल्लेख गरी प्रकाशन गरिनेछ ।

## भाग- ३

## स्थानीय राजपत्रको प्रकाशन, अभिलेख तथावितरण

5. स्थानीय राजपत्र प्रकाशनको जिम्मेवारीः (१) कार्यपालिकाले कुनै शाखा वा एकाइलाई स्थानीय राजपत्र प्रकाशन सम्वन्धी कामका लागि कार्य विवरण सहित जिम्मेवारी तोक्नेछ ।

(२) उपदफा (१)बमोजिम तोकिएको शाखा वा एकाइबाट मात्र स्थानीय राजपत्र प्रकाशन गरिनेछ ।

6. प्रकाशन पूर्व सम्पादन गर्नपर्नेः(१) प्रकाशन हुने सामग्री गाउँकार्यपालिकाको कानून सम्वन्धी विषय हेर्ने शाखा वा एकाइबाट सम्पादन गरिनेछ ।

(२) उपदफा (१ वमोजिमको सम्पादित प्रति प्रमाणीकरण गरी राजपत्र प्रकाशन गर्ने शाखा/एकाइमा पठाईनेछ ।

7. स्थानीय राजपत्रको अभिलेख व्यवस्थापनः (१) प्रमाणीकरण भई आएका सामग्रीको अभिलेख दुरुस्त राखिनेछ ।

(२) उपदफा (१) बमोजिम स्थानीय राजपत्रको अभिलेख व्यवस्थापनका लागि छुट्टै पुस्तिका खडा गरी सोही पुस्तिकामा प्रकाशन भएका सामग्रीको सिलसिलेवार संख्या खुलाई अद्यावधिक रुपमा अभिलेख राखिनेछ ।

(३) प्रमुख प्रशासकीय अधिकृत वानिजले तोकेको अधिकृतले उपदफा (२) बमोजिमको अभिलेख पुस्तिकालाई प्रमाणित गरिनेछ ।

8. निःशुल्क रुपमाउपलब्ध गराउनु पर्ने : गाउँपालिकाले स्थानीय राजपत्रको प्रकाशितप्रति देहायका निकाय मानिःशुल्क रुपमा उपलब्ध गराइनेछः

(क) नेपाल सरकार र प्रदेश सरकारको संघीय तथा स्थानीय मामिला हेर्ने मन्त्रालय,

(ख) जिल्ला समन्वय समिति,

(ग) गाउँपालिका सूचना तथा अभिलेख केन्द्र,

(घ) सम्बन्धित स्थानीयविभाग/महाशाखा/शाखा, र

(ङ) गाउँपालिकाका प्रत्येक वडा कार्यालय

13. वेभ साइटबाट सार्वजनिक गर्नुपर्ने:गाउँपालिका बाट प्रकाशित स्थानीय राजपत्रलाई गाउँपालिकाको वेभ साइटमा छुट्टै खण्ड (अलगपोर्टल) निर्माण गरी सोबाट समेत सार्वजनिक गरिनेछ ।

14. विक्री वितरणको व्यवस्था तथा विक्री मूल्य: (१) प्रकाशित स्थानीय राजपत्र गाउँपालिकाका वडाहरु र स्थानीय तहको सूचना तथा अभिलेख केन्द्र तथा तोकिएको शाखा वा एकाइ मार्फत विक्रीवितरणको व्यवस्था मिलाइनेछ ।

(२) स्थानीय राजपत्रको देहाय बमोजिमको विक्री मूल्य निर्धारण गरिएको छ,

(क) बार्षिक सदस्यबनाई विक्रीगर्दा: वडा कार्यालय वा चिशंखुगढी गाउँपालिकाबाट वुझिलिने गरी बार्षिक सदस्यताशुल्कलिई विक्री गरेमाबार्षिक रु. ५९० (पाँच सय नव्वेमात्र)

(ख) खुद्राबिक्रीगर्दा : स्थानीय राजपत्रको सदस्यनभएको कुनै व्यक्तिवा संघ संस्थाले स्थानीय राजपत्र लिन चाहेमा देहाय बमोजिमको फुटकर बिक्रीमूल्य तोकिएको छ ।

- १ देखि ५० पेज सम्म एक प्रतिको रु.५०मात्र
- ५० देखि १००पेज सम्म एक प्रतिको रु.१००मात्र
- १०० देखि बढी जति पेज हुन्छ, त्यसमा थपप्रति पेज ३० पैसाका दरले थपशुल्कलिइनेछ ।

द्रष्टव्य:माथि उल्लेखित दर कायमगर्दा नेपाल राजपत्रको प्रचलित विक्री दरलाई आधार लिइएको छ । स्थानीय सभाले उल्लेखित दरमा औचित्य र आवश्यकताका आधारमा परिमार्जन गर्न सक्नेछ ।

15. बिक्रीबाट प्राप्त रकम सञ्चित कोषमा जम्मागर्ने : स्थानीय राजपत्र बिक्री बापत प्राप्त राजश्व गाउँपालिकाको सञ्चित कोषमा जम्मा गरिनेछ ।

16. कार्यविधिको व्याख्या: यस कार्यविधिको कार्यान्वय नगर्ने क्रममा कुनै द्विविधा उत्पन्न भएमा गाउँकार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

17. बचाऊ: यो कार्यविधि लागू हुनु भन्दा अगावै गाउँपालिकाले पारित गरी लागू गरेका कानुन, ऐन, नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड यसै कार्यविधि बमोजिम प्रकाशन भएको मानिनेछ ।

निशान्त शर्मा
अध्यक्ष

अनुसूची-१
(दफा ३ सँग सम्बन्धित)

| स्थानीय राजपत्रमा प्रकाशन गर्ने विषयवस्तु र भागहरु |
|---|
| भाग-१<br>यस भागमा स्थानीय सभाबाट पारित भई सभाको अध्यक्षबाट प्रमाणीकरण भएका ऐन तथा सभाका नियमहरु प्रकाशन गरिनेछ। |
| भाग-२<br>यस भागमा गाउँकार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा नेपाल सरकार, प्रदेश सरकार तथाअर्को स्थानीयतहसँग भएको सम्झौताको व्यहोरा प्रकाशनगरिनेछ। |

अनुसूची- २

(दफा ४ तथा अनसूची-१को भाग -१सँग  सम्बन्धित)

... गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः...    संख्याः...    मितिः ..../../..

भाग-१

... गाउपालिका

एने तथा सभाले बनाएको नियमको सम्पूर्ण व्यहोरा

आज्ञाले,

नाम

प्रमुखप्रशासकीयअधिकृत

(दफा ४ तथा अनसूची१को भाग -२ सँग सम्बन्धित)

... गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः... संख्याः... मितिः ..../../..

भाग-२

गाउँपालिका

कार्यपालिकाबाट जारी नियमावली, निर्देशिका, कार्यविधि, मापदण्डतथा नेपाल सरकार, प्रदेश सरकारवा

अनुसूची २

| |
|---|
| अर्को स्थानीयतहसँगभएको सम्झौताको व्यहोरा |

आज्ञाले, नाम सुवा पौडेल

प्रमुखप्रशासकीयअधिकृत